# एक ट्रस्टीको प्रभु वा स्वामीसँग कुराकानी

## पहिलो स्मृति

आँखा खुल्ने बित्तिकै संकल्प गरौं– म आत्मा हुँ । म यस बसुन्धरालाई प्रकाशमय बनाउनका लागि मधुर प्रकाशको घरबाट अवतरित भएको छु ।

## म को हुँ?

म ट्रस्टी आत्मा हुँ । बाबाले मलाई तन, मन, धन र समय विशेष कार्यमा लगाउनका लागि लोनमा दिनुभएको छ । मेरो त केही पनि छैन ।

## म कसको हुँ? 1) आत्माको बाबासँग कुराकानी

मीठे बाबा– गुड मर्निङ्ग । हजुरले मलाई जहाँ बसाउनुहुन्छ, त्यहाँ म आत्मा बस्दछु, जस्तो भन्नुहुन्छ त्यस्तै नै कर्म गर्दछु । बाबा, मेरो हजुरसँग मीठो आत्मिक सम्बन्ध छ, जसमा कुनै पनि कर्मको हिसाब किताबको बन्धन छैन । म त स्वतन्त्र छु । हजुर त मेरो प्रभु वा स्वामी हुनुहुन्छ हजुरबाट त मलाई सदा प्रेरणा मिल्दछ । मेरो हर कर्म हजुरको दिव्य प्रेरणाद्वारा नै त चल्छ

## 2) बाबाको आत्मासँग कुराकानी

मीठे बच्चे ! जाग ! मसँग बस । जब तिमी आफ्नो सबै कुरा बाबालाई दिन्छौ, तब तिमी जीवन छँदै मरेका हुन्छौ । तिम्रो यस दिव्य नयाँ जन्मको तुलना अन्य कुनै पनि जन्मसँग हुन सक्दैन । यस जन्ममा तिमी पूर्ण स्वतन्त्र छौ वा कसैको पनि अधिन हुन सक्दैनौ । जब तिमी यो स्मृति राख्दछौ– यो तन, यो सेवा, यो गुण, यी शक्तिहरु मलाई लोनमा प्राप्त भएका हुन् भने तिमी एक सेकेन्डमा उड्न सक्दछौ । मीठे बच्चे ! तिमी भिन्न-भिन्न प्रकारका जाल नबिछ्याऊ । जस्तै– "यो त कार्मिक बन्धन हो, यो त पुरानो दुनियाँको बन्धन हो, यो फलानो ग्रुपमा बस्ने बन्धन हो ।" तिमी स्वयं नै जाल बिछ्याएर त्यसमा फँस्दछौ फेरि त्यसबाट छुट्नका लागि बाबालाई पुकार्दछौ– "बाबा ! मलाई छुटाउनुहोस्, मलाई छुटाउनुहोस्" । बाबा त भन्नुहुन्छ– तिमी त हौ नै मुक्त, छोड्यौ भने छुट्नेछौ ।

## बाबाद्वारा प्रेरणा

आफ्नो मनलाई सबै कुराबाट हटाएर बाबामा लगाऊ । बाबा शान्तिका सागर हुनुहुन्छ । यस शान्तिमा मैले बाबाबाट प्रेरणायुक्त एवं पवित्र सेवाको संकल्प लिइरहेको छु ।

## बाबाद्वारा वरदान

सूक्ष्म वतनमा मीठा बाबाका सामुन्ने मेरो फरिस्ता स्वरुप स्पष्ट देखिइरहेको छ । बडो प्यार र शक्तिशाली दृष्टिद्वारा बाबाले मलाई वरदान दिइरहनुभएको छ–

यादको जादु मन्त्रद्वारा तिमी जे चाहन्छौ त्यो पाउन सक्छौ । यस मन्त्रलाई सदा स्मृतिमा राखेर तिमी सर्व सिद्धिहरु प्राप्त गर्दछौ, तथा आफ्नो सुन्दर भविष्य, जसको तिमी कल्पना पनि गर्न सक्दैनौ, यस्तो भविष्यको अधिकारी बन्दछौ ।

## बेहदको सूक्ष्म सेवा : आखिरी १५ मिनेट

बाबाद्वारा प्राप्त यस वरदानलाई आफ्नो शुभ संकल्पद्वारा, वरदाता बनेर, मैले पूरै विश्वलाई दान दिइरहेको छु । आफ्नो फरिस्ता ड्रेस पहिरिएर म विश्व भ्रमण गर्दै सबै आत्माहरुलाई यो वरदान दिइरहेको छु ।

## राती सुत्नु भन्दा पहिला

आवाजको दुनियाँ भन्दा पर गएर आफ्नो अवस्थालाई स्थिर बनाऔं । चेक गरौं– आज मैले दिन भरमा कुनै कुराको अवज्ञा त गरिनँ ? यदि गरेको भए बाबालाई बताऔं । कसैको मोह या आकर्षणमा बुद्धि त फँसेन ? आफ्नो कर्मको चार्ट बनाऔं । ३० मिनेटको योगद्वारा कुनै पनि गलत कर्मको प्रभावबाट स्वयम्लाई मुक्त गरौं । आफ्नो दिललाई सफा र हल्का बनाएर सुतौं ।